# प्रथम नागरिक थारु समुदायको संरक्षण, सम्बर्द्धन तथा विकास सम्बन्धि ऐन २०८०

## इटहरी उप-महानगरपालिका

नगर कार्यपालिकाको कार्यालय

इटहरी, सुनसरी

कोशी प्रदेश

# प्रथम नागरिक थारु समुदायको संरक्षण, सम्बर्द्धन तथा विकास सम्बन्धि ऐन २०८०

**प्रस्तावनाः** नेपालमा तराईको पूर्व मेची नदी देखि पश्चिम महाकाली नदी सम्म समतल, खोँच, बेसी, भावर, दुन तथा विभिन्न उपत्यकामा बासोवास गर्ने, नेपालको अनकन्टार जङ्गलमा प्राचिन कालदेखि विषालु सर्प, हिंश्रक जीवजन्तु तथा प्राकृतिक अनेकौं विपत्तिका साथै हैजा, मलेरिया, बिफर, जस्ता महामारी रोगहरुको सामना गर्दै यो तराई भुमिलाई उर्वर बनाउनमै आफुलाई समर्पित गर्दै आइहेका थारु जातिको आफ्नै मातृभाषा, प्रथा, परम्परा, रितिरिवाज छुट्टै सांस्कृतिक पहिचान, छुट्टै सामाजिक संरचना र ईतिहास रहेको छ । बि.सं.२०७८ सालको जनगणना अनुसार नेपालको कुल जनसंख्याको ६.२% रहेको थारु जाती आदिबासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन २०५८ को दफा २ (क) अनुसार नेपालका आदिबासी जनजातिहरुको २० नम्बरमा सिमान्तकृत जातिको रुपमा सुचिकृत रहेको छ ।

थारु जाति इटहरीमा परापूर्वक काल देखि वहुसंख्यक रुपमा बसोबास गर्ने प्रमुख मुल जाती हुन । बि.सं.२०७८ सालको जनगणना अनुसार इटहरी उपमहानगरपालिकाको जम्मा जनसंख्याको १५.८६% रहेको थारु समुदाय इटहरीको विकासमा प्रत्यक्ष, अप्रत्येक्ष योगदान गर्ने र विभिन्न सरकारी, गैह्रसरकारी संघसंस्थाहरुलाई जग्गा तथा चन्दा दिएर सहयोग गर्ने नेपालका यी मुल आदिवासी थारु समुदायलाई इटहरी उप-महानगरपालिकाको मिति २०७९ साल असार १० गते भएको ११ औं नगरपरिषदबाट प्रथम नागरिक घोषणा गरेको हो ।

नेपालको मुल कानुनको रुपमा रहेको नेपालको संविधान २०७२ ले परिकल्पना गरेको वहुजाती, वहुभाषी, वहुधार्मिक, वहुसांस्कृतिक एवं सामाजिक सांस्कृतिक एकता, एकवद्धताको प्रवर्द्धन र जातिय, क्षेत्रिय, भाषिक, तथा धार्मीक सहिष्णुता, सामाजिक न्याय, आर्थिक समानता, समानुपातिक, समावेशी र सहभागिता मुलक सिद्धान्तको आधारमा दिगो विकासका लागि चीरकाल देखि अभ्यासरत रहेको सामाजिक रुपान्तरण, विकास, सामाजिक न्याय, प्रथा, परम्परा, रिति रिवाज, धर्म संस्कृती र समाज परिचालनको प्रणालीलाई कानुनी मान्यता प्रदान गरिएको भुमिकालाई थप प्रभावकारी बनाउन बान्छनिय रहेकोले नेपालको संविधान २०७२ को प्रस्तावना, धारा २२१, धारा २२६ र अनुसुचि ६ को १८, अनुसुचि ८ को

१२ र १४, स्थानिय सरकार संचालन ऐन २०७४ को दफा ११ (फ), दफा ४ (ठ) र दफा १०२ र स्थानिय सरकार संचालन ऐन २०७४ मा भएको व्यवस्था तथा नेपालको संविधान २०७२ को धारा १८ अन्तरगत व्यवस्था गरेको मौलिक हकहरु र धारा ४२ अन्तरगतको सामाजिक न्यायको हक तथा आइएलओ १६९ (ILO-169) मा उल्लेखित आदिवासी जनजातीहरुको हक विशेष गरी थारु समुदायको हक प्रचलन गर्न, थारु जातीको विकास र उनिहरुको भाषा, संस्कृति, सांस्कृतिक भुमी, प्रथा र परम्परा, पहिचान संरक्षण, सम्बर्द्धन र विकास गर्न स्थानिय सरकार संचालन ऐन २०७४ को दफा १०२ को अधिनमा रहि यो ऐन बनाइ जारी गरिएको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यो ऐनको नाम "**प्रथम नागरिक थारु समुदायको संरक्षण, सम्बर्द्धन तथा विकास सम्बन्धि ऐन २०८०**" रहेको छ । यस ऐनलाई छोटकरीमा "**प्रथम नागरिक थारु समुदायको विकास सम्बन्धि ऐन २०८०**" हुनेछ ।

(२) यो ऐन इटहरी उपमहानगरपालिकाको स्थानीय राजपत्रमा प्रकाशित गरेको मितिदेखि लागू हुनेछ ।

२. **परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) **"नगरपालिका"** भन्नाले इटहरी उपमहानगरपालिकालाई सम्झनु पर्छ ।

(ख) **"नगर प्रमुख"** भन्नाले इटहरी उपमहानगरपालिकाको नगर प्रमुखलाई सम्झनु पर्छ ।

(ग) **"नगर उप-प्रमुख"** भन्नाले इटहरी उपमहानगरपालिकाको नगर उप-प्रमुखलाई सम्झनु पर्छ ।

(घ) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले इटहरी उपमहानगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ ।

(ङ) **"वडा कार्यालय"** भन्नाले इटहरी उपमहानगरपालिका अन्तरगतको सम्पूर्ण वडा कार्यालयहरुलाई सम्झनु पर्छ ।

(च) **“समिति”** भन्नाले यस ऐनमा व्यवस्था गरे अनुसार गठन भएका समितिहरुलाई सम्झनु पर्छ। यस शब्दले “समन्वय समिति” समेतलाई जनाउँदछ।

(छ) **“पदाधिकारी”** भन्नाले यस ऐनमा व्यवस्था गरे अनुसार गठन भएका समितिहरुको सम्पूर्ण पदाधिकारीहरुलाई सम्झनु पर्छ।

(ज) **“बैठक”** भन्नाले यस ऐनमा अनुसार गठन भएका समितिहरुको संयुक्त वा छुट्टाछुट्टै बैठक सम्झनु पर्छ।

(झ) **“थारु”** भन्नाले आदिबासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन २०५८ को दफा २ (क) अनुसार नेपालका आदिबासी जनजातिहरुको २० नम्बरमा सिमान्तकृत जातिको रुपमा सुचिकृत रहेको थारु जातिलाई सम्झनु पर्छ।

(ञ) **“ग्रामथान”** भन्नाले थारु समुदायको टोलबस्तीमा रहेको राजाजी डिहवार थानलाई सम्झनु पर्छ।

(ट) **“थानपति”** भन्नाले थारु समुदायमा ग्रामथानको संरक्षण तथा रेखदेख र अगुवाई गर्न चुनिएका प्रमुख व्यक्तिलाई सम्झनु पर्छ।

(ठ) **“जेठरैत”** भन्नाले थारु समुदायमा जमिन्दारी प्रथामा काम गर्ने रैतीहरु मध्येको जेठो रैतीलाई सम्झनु पर्छ।

(ड) **“गहदार”** भन्नाले थारु समुदायमा गाउँको कर (भेर) असुल गरी जिम्मा लिने र सामाजिक कार्यहरु संचालन गर्ने प्रमुख गच्छदारलाई सम्झनु पर्छ।

(ढ) **“धामी/वैध”** भन्नाले तान्त्रीक तथा जडिबुटिको ज्ञान प्रयोग गरी गरिने परम्परागत उपचार पद्धतिबाट बिरामीहरुलाई निको पार्न सक्ने व्यक्तिलाई सम्झनु पर्छ।

(ण) **“जेवार”** भन्नाले थारु समुदायको कुनै निश्चित टोलमा हुने सामाजिक कार्यहरु संचालन समन्वय गर्नको लागि र सो सम्बन्धि सूचना अदानप्रदान गर्न गाउँले/टोलबासीद्वरा चुनिएको व्यक्तिलाई सम्झनु पर्छ।

(त) **“ग्रामती”** भन्नाले थारु समुदायको कुनै निश्चित गाँउको टोलमा बसोबास गर्ने गाउँले/टोलवासीलाई सम्झनु पर्छ ।

(थ) **“विरहैन”** भन्नाले थारु भाषाको विरहले भरिपूर्ण गीतहरुलाई सम्झनु पर्छ ।

(द) **“बरमसा”** भन्नाले बह्रै महिना गाउने थारु भाषाको मौलिक गीतहरुलाई सम्झनु पर्छ ।

(ध) **“पराती”** भन्नाले विशेष गरी पुष, माघ महिनामा विहानी पख सूर्योदय हुनु अगावै गाउने थारु भाषाको मौलिक गीतहरुलाई सम्झनु पर्छ ।

(न) **“झुमरा/धुमरा”** भन्नाले थारु समुदायको सांस्कृतिक, परम्परागत, ऐतिहासिक गाथाले भरिएको नाचलाई सम्झनु पर्छ जसमा नटुवा, विपातर (जोकर), मृदङ्गवादक र सहायक गायक, वादकहरु समावेस हुन्छन् ।

(प) **“जुरशितल/जरीसितोल”** भन्नाले थारु समुदायले बैशाख महिनाको पहिलो दिन वा बि.सं.को नयाँ वर्षको दिनमा मनाइने पर्वलाई सम्झनु पर्छ जसमा सानाले ठुलाको गोडामा र ठुलाले सानालाई शिरमा पानी दिएर आर्शिवाद र शुभकामना आदान प्रदान गर्ने गर्दछ ।

(ध) **“जितिया”** भन्नाले थारु समुदायका महिलाहरुले आश्विन कृष्ण पक्षको सप्तमी, अष्टमी र नवमी तिथि सम्म मनाउने परम्परागत पर्वलाई सम्झनु पर्छ ।

(न) **“सुखराईत”** भन्नाले थारु समुदायले तिहारको सन्दर्भमा माईने विभिन्न परम्परागत पर्व/गतिविधिलाई सम्झनु पर्छ ।

(प) **“तिलासंक्राईत”** भन्नाले थारु समुदायले माघ १ गते थारु नयाँ वर्षको रुपमा मानाइने माघी पर्वलाई सम्झनु पर्छ जसमा तिलको लड्डु, मुरहीको लड्डु, खिचरी, आदि परिकारहरु खाने गर्दछ ।

(फ) **“घाट/पानीघाट”** भन्नाले थारु समुदायमा परपूर्वक काल देखि प्रयोगमा रहेको पोखारीको किनार, नदिको किनार, पानी भएको ठाँउ, जहाँ वस्तुलाई पानी खुवाउने र व्यक्तिहरुले लुगा घुने, स्नान आदि कार्य गर्ने ठाउँलाई सम्झनु पर्छ ।

(ब) **"डबरा"** भन्नाले थारु समुदायमा परापूर्वक काल देखि प्रयोगमा हरेको पानी भएको सानो खाल्डो जहाँ वस्तुभाउलाई पानी खुवाउने, सनपाट धुने र भैंसीलाई आहाल हाल्ने ठाउँलाई सम्झनु पर्छ ।

(भ) **"जैंठ/जाईठ"** भन्नाले थारु समुदायको पोखरी वा तलाउको विच भागमा धार्मिक तथा तान्त्रीक अनुष्ठान गरी ठड्याइएको काठको लिङ्गो वा खम्बालाई सम्झनु पर्छ ।

## परिच्छेद- २

## उद्देश्य

**३. उद्देश्य :** यस ऐनको उद्देश्य देहाय बमोजिम हुनेछ :-

(क) थारु समुदायको भाषा, संस्कृति, प्रथा, परम्परा र पहिचानको संरक्षण, सम्बर्द्धन तथा विकास गर्ने ।

(ख) इटहरी उप-महानगरपालिका भित्र रहेका थारु समुदायको ग्रामथान, पुजा स्थाल, मठ, पोखरी, जाईठ, इनार, डवरा आदि ऐतिहासिक, धार्मीक, सांस्कृतीक भुमी तथा प्राचिन सम्पदा/संरचनाहरुको सूचिकृत गरी आवश्यक संरक्षण, सम्बर्द्धन र विकास गर्ने ।

(ग) इटहरी उप-महानगरपालिका भित्र रहेका थारु समुदायको ग्रामथान, गढि, मठ, पुजा स्थाल, पोखरी, जाईठ, इनार, डवरा, आदि ऐतिहासिक, धार्मीक, सांस्कृतीक भुमी तथा प्राचिन सम्पदा/संरचनाहरु तथा लोपोन्मुख नाच, गीत, परिकार, कला संस्कृती, प्रथा र परम्पराहरुको बारेमा अनुसन्धान गरी दस्तावेजीकरण गर्दै पुस्तक प्रकाशन, वृतचित्र निर्माण तथा प्रचार प्रसार गर्ने ।

(घ) थारु समुदायलाई शिक्षा, प्रविधि, स्वास्थ्य र रोजगारीमा पहुँच अभिवृद्धि गर्न संविधानले व्यवस्था गरेको समावेशी समानुपातिक सिद्धान्तको आधार सहित इटहरी उप-महानगरपालिकाको थारु समुदायको जनसंख्याको अधारमा रोजगारीको सुनिश्चितता गर्ने र शैक्षिक संस्थानहरुमा थारु विद्यार्थीहरुलाई विषेश छात्रवृतिको व्यवस्था गर्ने ।

(ङ) थारु भाषाको पाठ्यक्रम र पाठ्यपुस्तक निर्माण गरी इटहरी उपमहानगरपालिका क्षेत्रका विद्यालयहरुमा आधारभुत तह हुँदै उच्च शिक्षासम्म क्रमशः पठन पाठन/शिक्षण गर्न लागू गर्ने ।

(च) थारु भाषालाई स्थानिय सरकारी कामकाजी भाषाको रुपमा विकास गरी कार्यान्वय गर्ने ।

(छ) थारु समुदायलाई स्वास्थ्य सेवामा विशेष सुविधाको व्यवस्था गर्ने ।

(ज) इटहरी नगर क्षेत्र भित्र थारु समुदायका लागि यातायात सेवामा विशेष सुविधाको व्यवस्था गर्ने ।

(झ) थारु समुदायलाई वन जंगल प्रयोग तथा संरक्षण, सम्बद्धन गर्न पहुँच अभिवृद्धि गर्ने ।

## परिच्छेद-३

## सांस्कृतिक, ऐतिहासिक, धार्मीक, प्राचिन भुमी तथा सम्पदा/संरचनाको संरक्षण

४. इटहरी उप-महानगरपालिका भित्र रहेका थारु समुदायको सांस्कृतिक, ऐतिहासिक, धार्मिक तथा प्राचिन तथा थारु समुदायले परापूर्वककाल देखि उपभोग गर्दै अएका भुमी तथा सम्पदा/संरचनाहरुको संरक्षण सम्बर्द्धन र विकास गर्न देहाय बमोजिमका व्यवस्थहरु गरिनेछ :

(क) ग्रामथान (राजाजी डिहवार थान), पोखरी, जाईठ, इनार, पानी घाट, डबरा, मेला (सारथ) स्थल, गढि, समसानघाट, गौचरण जस्ता सांस्कृतिक भुमी, थारु समुदायले परापूर्वककाल देखि उपभोग गर्दै अएका भुमी तथा सम्पदा/संरचनाहरुको सूचीकृत गरिनेछ ।

(ख) ग्रामथान (राजाजी डिहवार थान), पोखरी, जाईठ, इनार, पानि घाट, डबरा, गढि, मेला स्थलहरु, समसानघाट, गौचरण, धार्मिक, ऐतिहासिक तथा सांस्कृतीक भुमीको महत्वको लगत संकलन गरी लिपिवद्ध गर्ने र सो को तथ्याङ्क प्रत्येक वडा कार्यालय र नगपालिकामा अनिवार्य राखिनेछ ।

(ग) सूचीकृत गरिएका ग्रामथान (राजाजी डिहवार थान), पोखरी, जाईठ, इनार, पानि घाट, डबरा, मेला स्थल, गढि, समसानघाट (मरघट), गौचरण, सांस्कृतिक भुमी जस्ता सम्पदा/संरचनाहरु मर्मत संभार, घेरावेरा तथा परम्परागत/मौलिक ढाँचामा पुनः निर्माण गरिनेछ ।

(घ) थारु समुदायको धार्मिक, ऐतिहासिक, सांस्कृतिक तथा प्राचिन महत्वका संरचनाहरुको संरक्षण सम्बर्द्धन गर्नका लागि नगरपालिका तथा वडा कार्यालयले नियमित बजेट विनियोजन गर्नेछ ।

(ङ) थारु समुदायको धार्मिक, ऐतिहासिक, सांस्कृतिक भुमी तथा प्राचिन सम्पदाहरुको विकास, जढिबुटी र वन जंगल संरक्षण सम्बर्द्धनका लागि एकिकृत गुरु योजना निर्माण गरिनेछ ।

५. **ग्रामथान संरक्षण, सम्बर्द्धन तथा विकास सम्बन्धि व्यवस्थाः** इटहरी उप-महानगरपालिका भित्र रहेका थारु समुदायको ग्रामथानहरु संरक्षण, सम्बर्द्धन तथा विकास गर्न प्रत्येक ग्रामथानको लागि तपसिल बमोजिमको ग्रामथान संरक्षण, सम्बर्द्धन तथा विकास समिति रहने छ ।

(१) प्रत्येक वडाको टोल तथा बस्तीका थारु समुदायको वडा भेलाबाट समितिको गठन गरिनेछ ।

(२) उपदफा (१) बमोजिम गठन हुने समितिमा देहाय बमोजिमका पदाधिकारी तथा सदस्यहरु रहनेछनः-

(क) अध्यक्ष एक जना (प्रत्येक ग्रामथानका थानपती अनिवार्य अध्यक्ष हुनेछ ।)

(ख) उपाध्यक्ष एक जना

(ग) कोषाध्यक्ष एक जना

(घ) सचिव एक जना

(ङ) सहसचिव एक जना

(च) सदस्य ४ जना

(३) समितिमा कम्तिमा ३३ प्रतिशत महिलाको सहभागिता सुनिश्चित गरिनेछ ।

(४) ग्रामथान संरक्षण, सम्बर्द्धन तथा विकास समितिका सदस्यहरुको योग्यता

(क) इटहरी उपमहानगरपालिकामा कम्तिमा पनि ३ वर्ष देखि स्थायी रुपमा बसोवास गरेको थारु समुदायको व्यक्ती हुनु पर्ने ।

(ख) बिस वर्ष उमेर पूरा गरेको थारु समुदायको व्यक्ती,

(ग) प्रचलित कानुन बमोजिम कालो सूचीमा नपरेको थारु समुदायको व्यक्ती,

(घ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदलतबाट कसूरदार नठहरिएको थारु समुदायको व्यक्ती,

(ङ) मगज नबिग्रेको थारु समुदायको व्यक्ती

## ६. ग्रामथान संरक्षण, सम्बर्द्धन तथा विकास समितिका कार्यहरु :

(क) टोल/समुदाय भित्र रहेको थारु समुदायको धार्मिक, सांस्कृतिक भुमी, ऐतिहासिक तथा प्राचिन महत्वका सम्पदा/संरचनाहरुको विवरण संकलन गर्ने र सूचिकृतको लागि अनुरोध गर्ने ।

(ख) सूचिकृत भएका थारु समुदायको ग्रामथान, धार्मिक, सांस्कृतिक भुमी, ऐतिहासिक तथा प्राचिन महत्वका संरचनाहरुको संरक्षण, सम्बर्द्धन विकास गर्ने ।

(ग) सूचिकृत भएका स्थानहरुमा हुने परम्परागत जात्रा, मेला, पूजाआजा, पर्व, समारोहको आयोजना र व्यवस्थापन गर्ने ।

(ङ) सूचिकृत भएका थारु समुदायको ग्रामथान, धार्मिक, सांस्कृतिक भुमी, ऐतिहासिक तथा प्राचिन महत्वका सम्पदा/संरचनाहरु तथा भौतिक पूर्वाधारहरुको अतिक्रमण हुन नदिने र संरक्षण गर्ने गराउने र संरक्षण गर्न पहल गर्ने ।

(च) समितिको बैठक दुइ महिनामा एक पटक वा आवश्कता अनुसार बस्नेछ ।

(छ) समितिको बैठक निर्णयको मस्यौदा सचिवले तयार गर्नेछ ।

(ज) समितिको बैठकको निर्णयहरु बैठकमा उपस्थित पदाधिकारीहरुबाट हस्ताक्षर गरी प्रमाणित गराउनु पर्नेछ ।

७. इटहरी उप-महानगरपालिका भित्र रहेका थारु समुदायको धार्मिक, सांस्कृतिक भुमी, ऐतिहासिक तथा प्राचिन महत्वका सम्पदाहरु/संरचनाहरुको संरक्षण सम्बर्द्धन गर्न प्रत्येक वडामा तपसिल बमोजिमको वडा स्तरिय संरक्षण, सम्बर्द्धन तथा विकास समिति रहने छ ।

## ८. वडा स्तरिय संरक्षण, सम्बर्द्धन तथा विकास संयोजन समितिको गठन प्रक्रियाः

(१) प्रत्येक वडाको टोल तथा बस्तीका थारु समुदायको वडा भेलाबाट समितिको गठन गरिनेछ ।

(२) उपदफा (१) बमोजिम गठन हुने समितिमा देहाय बमोजिमका पदाधिकारी तथा सदस्यहरु रहनेछन:-

(क) संयोजक एक जना

(ख) उप-संयोजक एक जना

(ग) कोषाध्यक्ष एक जना

(घ) सचिव एक जना

(ङ) टोल स्तरीय ग्रामथान संरक्षण समितिका अध्यक्ष वा प्रतिनिधिहरु मध्ये तिन जना सदस्यको रुपमा रहनेछ ।

(च) थारु कल्याण कारिणी सभा वडा समितिको अध्यक्ष सहित दुई जना प्रतिनिधि सदस्यको रुपमा रहनेछ ।

(छ) थारु बौद्धिक व्यक्तित्व, संस्कृतिविद, समाजसेवी, कानुनविद, संचारकर्मी, अभियन्ता मध्येबाट तिन जना सदस्यहरु ।

(च) सम्बन्धित वडाको वडाध्यक्ष पदेन सदस्याको रुपमा रहने छ ।

(३) समितिमा कम्तिमा ३३ प्रतिशत महिलाको सहभागिता सुनिश्चित गरिनेछ ।

(४) उपदफा (२) बमोजिम समिति गठन गर्दा वडा कार्यालयको चार किल्ला भित्रका थारु समुदायको व्यक्तिहरुको वडा स्तरिय भेलाबाट सर्वसम्मत रुपमा समिति गठन हुनेछ । तर, यस दफा बमोजिम आमभेलामा सर्वसम्मत हुन नसकेमा उपस्थित थारु समुदायको एक घर एक प्रतिनिधिको बहुमतबाट समितिको गठन गर्न बाधा पर्ने छैन ।

(५) उपदफा (५) बमोजिम समितिको कार्यकाल समाप्त भएपछि विशेष साधारण सभाले सर्वसम्मत वा सो नभएमा बहुमतबाट समितिको पुनर्गठन हुनेछ ।

(६) समितिको पदाधिकारीहरुको कार्यकाल गठन भएको मितिले पाँच वर्षको हुनेछ ।

(७) अध्यक्षको पदमा एक कार्यकाल भन्दा बढी काम गर्न सक्ने छैन ।

(८) समितिमा कम्तीमा ३३ प्रतिशत महिला सदस्य हुनु पर्नेछ ।

(९) वडा स्तरिय संरक्षण, सम्बर्द्धन तथा विकास संयोजन समितिको सदस्यहरुको योग्यता

(क) इटहरी उपमहानगरपालिकामा कम्तिमा पनि ३ वर्ष देखि स्थायी रुपमा बसोवास गरेको थारु समुदायको व्यक्ती हुनु पर्ने ।

(ख) बिस वर्ष उमेर पूरा गरेको थारु समुदायको व्यक्ती,

(ग) प्रचलित कानुन बमोजिम कालो सूचीमा नपरेको थारु समुदायको व्यक्ती,

(घ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदलतबाट कसूरदार नठहरिएको थारु समुदायको व्यक्ती,

(ङ) मगज नबिग्रेको थारु समुदायको व्यक्ती

**९. वडा स्तरिय संरक्षण, सम्बर्द्धन तथा विकास संयोजन समितिका पदाधिकारीको पद रिक्त सम्बन्धी व्यवस्था:**

(१) दफा ८ (२) बमोजिम गठन भएको समितिका पदाधिकारीहरुको पद देहाय बमोजिमको अवस्थामा रिक्त हुनेछ ।

(क) अध्यक्षले उपाध्यक्ष मार्फत कार्यसमितिको बैठकमा र उपाध्यक्ष वा अन्य सदस्यले अध्यक्षलाई राजीनामा दिएमा ।

(ख) भ्रष्टाचार वा अन्य कुनै नैतिकपतन हुने फौजदारी अभियोगमा कसुरदार ठहरिएमा वा मानसिक अवस्था संतुलन नभएमा ।

(ग) मृत्यु भएमा ।

(२) उपदफा (१) बमोजिम अध्यक्षको पद रिक्त भएमा समितिको बाँकी अवधिको लागि उपाध्यक्षले अध्यक्ष भई कामकाज गर्नेछ । अन्य पदाधिकारीहरुको हकमा कार्य समितिले विशेष भेला बोलाई वडाध्यक्षको रोहवरमा सदस्यको छनौट गरी सदस्यलाई त्यस्तो रिक्त पदमा कामकाज गर्न लगाउन सक्नेछ ।

१०. थारु समुदायको धार्मिक, सांस्कृतिक भुमी, ऐतिहासिक तथा प्राचिन महत्वका सम्पदा/संरचनाहरुको सूचीकृत देहाय बमोजिम हुनेछ : -

(क) वडा संमन्वय समितिको निर्णय बमोजिम अनुसूची १ बमोजिमको ढाँचामा सोही निवेदनमा उल्लिखित कागजातहरु समावेश गरी सम्पदा/संरचनाहरु सूचिकरणका लागि वडा कार्यालयमा निवेदन दिनु पर्नेछ ।

(ख) उपदफा (क) बमोजिम निवेदन प्राप्त भएपछि वडा कार्यालयले आवश्यक अनुगमन गरी अनुसूची २ बमोजिमको ढाँचामा सम्पदा/संरचनाहरु सूचिकृत गरेको प्रमाण पत्र उपलब्ध गराउनेछ ।

(ग) वडा कार्यालयले यस दफा बमोजिम संरचनाहरु सूचिकृत गरेको विवरण मासिक रुपमा नगर कार्यपालिकाको कार्यालयमा पठाउनु पर्नेछ ।

**११. वडा स्तरिय संरक्षण, सम्बर्द्धन तथा विकास संयोजन समितिका कार्यहरु :**

(१) संरक्षण, सम्बर्द्धन तथा विकास समितिका काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) वडा भित्र रहेको थारु समुदायको धार्मिक, सांस्कृतिक भुमी, ऐतिहासिक तथा प्राचिन महत्वका सम्पदा/संरचनाहरुको विवरण संकलन गरी सूचिकृतको लागि सिफारिस गर्ने ।

(ख) सूचिकृत भएका थारु समुदायको धार्मिक, सांस्कृतिक भुमी, ऐतिहासिक तथा प्राचिन महत्वका संरचनाहरुको संरक्षण, सम्बर्द्धन विकास गर्ने ।

(ग) सूचिकृत भएका स्थानहरुमा हुने परम्परागत जात्रा, मेला, पूजाआजा, पर्व, गोष्ठि तथा समारोहको आयोजना र व्यवस्थापन गर्ने ।

(ङ) सूचिकृत भएका थारु समुदायको धार्मिक, सांस्कृतिक भुमी, ऐतिहासिक तथा प्राचिन महत्वका सम्पदा/संरचनाहरु, सम्पदा तथा भौतिक पूर्वाधारहरुको अतिक्रमण हुन नदिने र संरक्षण गर्ने गराउने र संरक्षण गर्न पहल गर्ने ।

(च) सरकारी तथा गैरसरकारी निकायहरुसंग समन्वय र सहकार्य गर्ने ।

**१२. वडा स्तरिय संरक्षण, सम्बर्द्धन तथा विकास संयोजन समितिको बैठक**

(१) संरक्षण, सम्बर्द्धन तथा विकास समितिको बैठकको सञ्चालन देहाय बमोजिम हुनेछ :-

(क) समितिको बैठक दुइ महिनामा एक पटक वा आवश्कता अनुसार बस्नेछ ।

(ख) समितिको बैठकमा वडा समिति तथा नगरपालिकाका जनप्रतिनिधि, विज्ञ तथा अन्य सरोकारवालाहरुलाई आमन्त्रण गर्न सकिनेछ ।

(ग) समितिको वैठक निर्णयको मस्यौदा सचिवले तयार गर्नेछ ।

(घ) समितिको बैठकको निर्णयहरु बैठकमा उपस्थित पदाधिकारीहरुबाट हस्ताक्षर गरी प्रमाणित गराउनु पर्नेछ ।

(ङ) समितिले वार्षिक रुपमा एक साधारण सभा गर्नु पर्ने ।

(२) साधारण सभाको साधारण सदस्यहरु वडा भित्र रहेका थारु समुदायको एक घर एक प्रतिनिधि सिद्धान्तको अधारमा तय गरिने छ ।

(३) उदफा १० (१) बमोजिम बस्ने कार्यसमितिको बैठकको माइन्युट र समितिका प्रशासनिक तथा आर्थिक कारोबारसँग सम्बन्धित सम्पूर्ण प्रशासनिक कागजातहरु अध्यक्षसंग, माइनुट तथा दस्तावेजहरु सचिवसंग र आर्थिक कागजातहरु कोषाध्यक्षको जिम्मामा रहनेछ ।

(४) समितिको बैठक समितिको कार्यालयमा बस्नेछ । समितिको कार्यालय स्थापना भई नसकेको अवस्थामा समितिका सबै सदस्यलाई पायक पर्ने गरी उपयुक्त स्थानमा बैठक बस्ने गरी अध्यक्षले तोक्न सक्नेछ ।

**१३. वडा स्तरिय संरक्षण, सम्बर्द्धन तथा विकास समितिका पदाधिकारीहरुको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :**

(१) अध्यक्षको काम, कर्तव्य र अधिकार

(क) समितिको नियमित बैठक बोलाउने, बैठकका लागि मिति, समय र स्थान तोक्ने ।

(ख) बैठकको अध्यक्षता गरी बैठक संचालन गर्ने ।

(ग) बैठकमा अनुशासनको पालन गर्न लगाउने र छलफलका विषयहरु टिपोट गर्ने वा गर्न लगाउने ।

(घ) छलफल हुँदा सबैको विचार संकलन गर्ने र सर्वसम्मत निर्णय गर्न पहल गर्ने ।

(ङ) समितिका निर्णयहरु लागू गर्ने, गराउने ।

(च) समितिले प्राप्त गरेको नगद वा जिन्सी सामानको सुरक्षाको प्रवन्ध मिलाउने ।

(छ) आवश्यकता अनुसार विशेष बैठक बोलाउने ।

(ज) ऐन बमोजिम अन्य कार्यहरु गर्ने ।

(२) उपाध्यक्षको काम कर्तव्य र अधिकारः

(क) अध्यक्षको अनुपस्थितिमा अध्यक्षले गर्ने भनी तोकिएका कार्यहरु गर्ने ।

(ख) समितिले तोकेका अन्य कार्यहरु गर्ने ।

(३) सचिवको काम, कर्तव्य र अधिकारः

(क) अध्यक्षको आदेशअनुसार बैठक बोलाउने ।

(ख) छलफलका प्रस्तावहरु संकलन गरी बैठकमा पेश गर्ने र बैठकको निर्णय लेखी निर्णय प्रमाणित गराउने ।

(ग) समितिको क्रियाकलापको बारेमा सदस्यहरुलाई जानकारी गराउने ।

(घ) समितिले तोकेका अन्य कार्यहरु गर्ने ।

(४) कोषाध्यक्षको काम, कर्तव्य र अधिकार

(क) समितिको आम्दानी र खर्चको हिसाब राख्ने तथा विवरण तयार गर्ने ।

(ख) बैंकमा खाता संचालन गर्दा संयुक्त रुपमा खाता संचालन गर्ने ।

(ग) समितिको नगद र जिन्सी सामानको जिम्मा लिई सुरक्षा गर्ने ।

(घ) समितिले तोकेका अन्य कार्यहरु गर्ने ।

(५) सदस्यहरुको काम, कर्तव्य र अधिकार

(क) समितिको बैठकमा उपस्थित हुने र छलफलमा सक्रीय रुपमा सहभागी हुने ।

(ख) समितिको निर्णय कार्यान्वयनमा सहयोग गर्ने ।

(ग) समितिको निर्णय कार्यान्वयन भए नभएको हेरी आवश्यकता अनुसार समितिको बैठकमा छलफलमा ल्याउने ।

(ग) आवश्कता अनुसार अध्यक्ष, उपाध्यक्ष, सचिव र कोषाध्यक्षको काममा सघाउने ।

(घ) समितिले तोकेका अन्य कार्यहरु गर्ने ।

## १४. आर्थिक व्यवस्थापन :

(१) समितिले देहाय बमोजिमका क्षेत्रबाट आम्दानी प्राप्त गर्न सक्नेछ :

(क) नगरपालिकाबाट प्राप्त हुने अनुदान रकम ।

(ख) सरकारी तथा गैर सरकारी निकायहरु, सामुदायिक संस्था तथा व्यक्तिहरुबाट प्राप्त हुने सहायता तथा अनुदानको रकम ।

(ग) अन्य सरकारी निकाय तथा गैरसरकारी संघसंस्थासँग विकास निर्माण वा कार्यक्रम सञ्चालनको लागि सम्झौता बमोजिम प्राप्त रकम ।

(ङ) समितिका सदस्यहरुबाट प्राप्त रकम, वचत तथा सहयोगको रकम ।

(च) अन्य श्रोतबाट प्राप्त गरेको रकम ।

(२) समितिको नाममा प्राप्त हुने सबै रकम समितिको नाममा रहेको बैंक खातामा जम्मा गर्नु पर्नेछ ।

(३) समितिको खर्च : समितिको खर्च देहाय बमोजिम हुनेछः

(क) कुनै निकायबाट सम्झौता बमोजिम प्राप्त हुने रकम सम्झौतामा उल्लिखित शर्त बमोजिम तोकिएको कार्यमा खर्च गर्नु पर्नेछ ।

(ख) समितिको नियमित सञ्चालन तथा कार्यालय व्यवस्थापन सम्बन्धी खर्च प्रचलित कानुनको अधिनमा रही समितिको निर्णय बमोजिम हुनेछ ।

४. समितिको लेखा, प्रतिवेदन तथा अन्यः

(क) समितिको खाता वडा कार्यालय वा नगर कार्यपालिकाको सिफारिसमा नगर कार्यपालिकाको कार्यालयले तोकेको बैंकमा सञ्चालन हुनेछ ।

(ख) उपदफा ४ (क) बमोजिमको बैंक खाता कम्तीमा समितिका अध्यक्ष, उपाध्यक्ष र सचिवमध्ये कुनै दुई जना र कोषाध्यक्षको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ ।

(ग) कोषाध्यक्षले समितिको सबै प्रकारको नगदी तथा जिन्सी आम्दानी, सम्पूर्ण विकास खर्चको विवरण, समितिको संचालन र व्यवस्थापनमा भएको प्रशासनिक खर्चहरुको विवरण स्पष्ट रुपमा राख्नुपर्नेछ ।

(घ) कोषाध्यक्षले आम्दानी खर्चको हिसाब किताव चौमासिक रुपमा समितिको बैठकमा पेश गर्नु पर्नेछ ।

(ङ) समितिले प्रत्येक आर्थिक वर्षमा गरेको काम र आर्थिक कारोबारको यथार्थ विवरण तयार गरी आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिना भित्र समितिको टोल भेलामा पेश गर्नु पर्नेछ ।

(च) समितिले आफ्नो वार्षिक कारोबारको प्रतिवेदन साधारणसभा, सम्बन्धित वडा कार्यलय र नगरपालिकामा पेश गर्नुपर्नेछ ।

(छ) नगरपालिका तथा वडा कार्यालयले आवश्यकता अनुसार समितिको अनुगमन गरी आवश्यक निर्देशन दिन सक्नेछ ।

५. जिन्सी तथा वस्तुगत सहयोग लिन सक्नेः

(क) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि थारु समुदायको धार्मिक, सांस्कृतिक, ऐतिहासिक तथा प्राचिन महत्वका सम्पदा/संरचनाहरुको जिर्णोद्वार, संरक्षण, सम्बर्द्धन विकास कार्यमा सहयोग गर्न कुनै सरकारी निकाय, गैर सरकारी संघसंस्था, निजी क्षेत्र तथा व्यक्ति विशेष वा नगरपालिकाबाट जिन्सी सामान तथा वस्तुगत सहयोग लिन सक्नेछ ।

(ख) समितिले यस दफा बमोजिम प्राप्त सहयोगको विवरण वार्षिक प्रतिवेदनमा समेत समावेश गर्नु पर्नेछ ।

## परिच्छेद-४

## थारु भाषा, साहित्य, गीत तथा नृत्य संरक्षण

**१५. थारु भाषा, गीत तथा नृत्य संरक्षण, सम्बर्द्धन र प्रवर्द्धन गर्न देहाय बमोजिमका व्यवस्थाहरु गरिनेछ :**

(क) थारु मातृभाषा संरक्षण, सम्बर्द्धन र प्रवर्द्धन गर्न थारु भाषाको मानकिकरणको आधारमा थारु भाषाको व्याकरण तयार गर्ने गराउने ।

(ख) थारु भाषाको शिक्षण सिकाई प्रवर्द्धन गर्न थारु भाषाको पाठ्यक्रम मस्यौदा समिति गठन गरिनेछ ।

(ग) थारु मातृभाषाको पाठ्यक्रम निर्माण गर्ने र आधारभूत तह हुँदै उच्च शिक्षा सम्म क्रमिकरुपमा थारु भाषामा पठन पाठन तथा शिक्षण गर्ने व्यवस्था मिलाउनेछ ।

(घ) थारु मातृभाषालाई स्थानिय सरकारी कामकाजी भाषाको रुपमा विकास गरी प्रचलन गरिनेछ ।

(ङ) नगरपालिकाको कार्यालय तथा वडा कार्यलयहरुमा नागरिक वडापत्र थारु भाषामा वा थारु भाषाको श्रव्यदृश्य माध्यममा राखिनेछ ।

(च) थारु भाषामा लेख रचना, सहित्यीक रचना तथा पुस्तक लेख्न प्रोत्साहित गरिनेछ ।

(छ) संचार माध्यममा थारुभाषाको प्रयोग क्रमिक रुपमा बढाईने निति लिईनेछ ।

(ज) थारु समुदायको गीतहरु : स्तुती गीत, परम्परागत गीत, ऐतिहासिक गीत, संस्कार गीत, पर्व गीत, विरहैन, चाँचैर, पराती, सम्धौन, चोरखेली गीत, समाचखेवाको गीत, जटाजाटिन गित, विषहरा गीत, धम्पैन गीत, बरमसा गीत, विवाह गीत, बाल गीत, करनौटी गीत, भगैत आदिको संकलन गरी दस्तवेजीकरण गरिनेछ र प्रचार प्रसार तथा प्रवर्द्धन गर्न सहयोग प्रदान गरिनेछ ।

(झ) थारु समुदायको परम्परागत तथा सांस्कृतिक नृत्यहरुः धुमरा नाच, झुमैर नाच, चोरखेली, जटाजाटिन, कन्यापुत्री, थारु चलचित्र आदि लगायतलाई संरक्षण सम्वर्द्धन गर्ने गराउने र सो कार्यको लागि समय समयमा स्वस्थ्य प्रतिस्पर्धा गराई प्रोत्साहन गरी पुरस्कृत गर्ने व्यवस्था मिलाइने छ ।

(ञ) लोपोन्मुख थारु संस्कृति, गित, नृत्य आदिको वृतचित्र निर्माण गर्न र लोप हुनबाट जोगाउन आवश्यक सहयोग गरिनेछ ।

## परिच्छेद-५

## थारु कला संस्कृती, पर्व, प्रथा, परम्परा तथा भेषभुसा

१६. थारु लोक तथा मौलिक कला, संस्कृती, पर्व, प्रथा, परम्परा तथा भेषभुसा, खानपान, रहन सहनको संरक्षण गर्न देहाय बमोजिमका व्यवस्थाहरु गरिनेछ :

(क) थारु समुदायको मौलिक लोक कला जस्तैः मोखा, चका, कोहवर, गोदना (खोदहा), ज्यामितिय आकार प्रयोग गरि बनाइएको कलाकृतीहरु; हस्तकलाका सामग्रीहरुः धमा, बेना, ढकिया, अटनी, पैनी, अचरा खड्की, (मोरङ्गिया थारु पहिरण), लहङ्गा कप्पा मुठिया चित्र, बोरैस, नेठू/मोइर, भारभरिया, मना, पटिया, गोनैर, डली, थोथरी, परताल, धसा, पसैट, टौवा, वैहङ्गा, कोइठ, टाँरी, कण्डील, जाल, भुण्ठी, खोङ्गी, चौमुख, मौर, मौरी, अरअरिया, औखरी, मुसरा, लरहैर पुरहैर, पुल्टी, मरुवा, मलिथम, फुलघोडा, भाँप, मसाल लगायतका मौलिक लोक कलाहरुको संकलन, दस्तावेजीकरण, विकास र संरक्षण गर्न र सो विषयमा प्रचार प्रसार गर्न सहयोग गरिनेछ ।

(ख) थारु समुदायले मनाउने पर्वहरुः बहरजत्रा, जुरशितल, अखाढ्री पूर्णिमा, गब, कदपखार, कृष्ण अष्ठमी, चौठिचान, लगपाँचै, रैव, जितिया, गोठाल, सुखराईत (तिहार), समाचकेवा, कुँड पवन, ठारीहिबरद, अगहनी पूर्णिमा, नेमान, पुषी पूर्णिमा, तिलासंक्राईत/माघि, फगुवा होली, एकादशी व्रत, लगायतका परम्परागत चाड पर्वहरुको महत्व संकलन, दस्तावेजीकरण र संरक्षण गर्न र सो विषयमा प्रचार प्रसार गर्न सहयोग गरिनेछ ।

(ग) थारु समुदायको प्राचिन काल देखि मनाई आएका पर्वहरुमा खानपिन गरि आएका परिकारहरु चिचिरी भात, तिलवा लड्डु, औरवी, अरुवा, चिकनौरी, ओल, मदानी, भक्का, बगिया, तेलपौर रोटि, घुङ्गी, सितुवा/भुना, सिधरा, काँखोर, कचरी बरी, अदौरी, तरुवा, ऐरकन्चन, लाई, मुरहि, कुमरौरी, सकरौरी, आमआदी लगायत परम्परागत खानपानको संरक्षण गर्ने गराउने र आय आर्जनको माध्यमको रुपमा विकास गराइनेछ ।

(घ) थारु परिकारयुक्त खाजा खाना खुवाउने होटल व्यवसायीलाई प्राविधिक सहयोग उपलब्ध गराईनेछ ।

(ङ) थारु पहिचानयूक्त घर निर्माणको लागि आर्थिक रुपले विपन्न थारुपरिवारलाई अनुदान उपलब्ध गराउने व्यवस्था मिलाईने छ ।

(च) थारु समुदायको परम्परागत भेषभुषा, गरगहना, पहिरन, रहन सहन, खानपान, कला संस्कृति, धार्मिक संस्कार (जन्म देखि मृत्यू सम्मको) को जगेर्ना गर्न थारु संग्राहलयको स्थापना गरिनेछ ।

(छ) थारु प्रथा र परम्परालाई संरक्षण सम्बर्द्धन गर्न जेवार, थानपति (जेठरैठ), थारु वैध, धामी, चैठसार, गहदार, दगरिन, थारु पण्डि, पुजारीहरुको नामावली संकलन गरी सुचिकृत गर्ने र उनिहरुको सहभागितामा गोष्ठि, तालिम, अन्तरक्रिया कार्यक्रमहरु संचालन गरिनेछ ।

(ज) गहदार/थानपति (जेठरैठ), जेवारको विधान वनाई काम कर्तव्य र अधिकार तोकिने छ ।

(झ) थारु समुदायको परम्परागत शासन प्रणाली तथा प्रथा जन्य व्यवस्थालाई जिवन्त बनाउन र कायम गर्न ग्रामती कानुनको निर्माण गरी क्रमशः मान्यता प्रादन गरिनेछ ।

(ञ) थारु गुरुवा, थारु वैध, धामी, दगरिनको परम्परागत ज्ञान र सिपको संरक्षण गरी स्थानिय वैकल्पिक उपचार पद्धतिको विकास गरिनेछ ।

(ट) थारु गुरुवा, थारु वैध, धामीको सूत्र, मन्त्र लिखित रुपमा लिपिवद्ध गरी पुस्तक प्रकाशन गरिने छ ।

(ठ) थारु गुरुवा, थारु वैध, धामी, थानपती, जेवार, दगरिन, बन्न चाहने नयाँ पुस्तालाई प्रशिक्षण दिई थारु गुरुवा, थारु वैध, धामी, थानपती, जेवार, दगरिन बन्न प्रोत्साहित गरिनेछ ।

(ड) थारु समुदायको मुल्य मान्यता, परम्परा, धर्म, संस्कृति रहन सहन, खानपान, परिकारहरुको संरक्षण तथा तत् सम्बन्धि प्रचार प्रसार गरी आन्तरिक तथा वाह्य पर्यटन प्रवर्द्धन गरिनेछ

(ढ) आन्तरिक तथा वाह्य पर्यटक भित्र्याउन थारु समुदायको बाहुल क्षेत्रमा थारु होमस्टे संचालन गर्न प्राविधिक तथा आर्थिक सहयोग प्रदान गरी प्रोत्साहन गरिनेछ ।

(ण) थारु समुदायको मुल्य मान्यता, पहिरन, पहिचान, परम्परा, रितिरिवाज, भाषा, साहित्य, धर्म, कला, संस्कृति, रहन सहन, खानपान, परिकारहरुको संरक्षण सम्बर्द्धन गर्न विशेष किसिमको ट्रेडमार्क सहितको पेटेन्ट अधिकार प्रदान गर्न पहल गरिनेछ ।

## परिच्छेद-६

## शिक्षा तथा रोजगारी

१७. थारु समुदायका बालबालिका र युवाहरुलाई शिक्षा तथा रोजगरीमा पहुँच वृद्धि गर्न देहाय बमोजिमको व्यवस्था गरिने छ :

(क) थारु समुदायमा शिक्षाको जनचेतना जगाउन विभिन्न प्रकारका साक्षरता, अभिमुखिकरण तथा जनचेतना मुलक कार्यक्रमहरु संचालन गरिनेछ ।

(ख) आर्थिक तथा सामाजिक रुपमा विपन्न तथा पछाडि परेका थारु जेहेन्दार तथा लगनशिल विद्यार्थीहरुलाई नगर क्षेत्र भित्रका सरकारी तथा निजी शिक्षालयहरुमा विशेष छात्रवृतिको व्यवस्था गरिने र अध्ययनको लागि सिफारिस गरिने छ ।

(ग) आर्थिक तथा सामाजिक रुपमा विपन्न थारु समुदायका विद्यार्थीहरुलाई उच्चा शिक्षा अध्ययनको लागि विशेष छात्रवृतिको व्यवस्था गरिने छ र प्राविधिक विषय अध्ययन गर्न आर्थिक सहयोग प्रादन गर्न व्यवस्था मिलाइने छ ।

(घ) थारु समुदायको युवाहरुलाई रोजगारी मुखि क्षमता अभिवृद्धि कार्यक्रहरुमा पहिलो प्राथमिकताको आधारमा अवसर प्रदान गरिने ।

(ङ) थारु समुदायका युवाहरुलाई लक्षित गरी लोक सेवा आयोग, बैङ्गिग सेवा, शिक्षक सेवा आयोग लगायत अन्य संस्थान, प्रतिष्ठानमा रोजगारीको लागि तयारी कक्षा संचालन गरिनेछ ।

(च) थारु समुदायका युवा तथा वेरोजगार व्यक्तिहरुलाई संविधानले व्यवस्था गरेको समानुपातिक समावेशी सिद्धान्तको आधार सहित विषेश प्राथमिकता दिई इटहरी उपमहानगरपालिकामा थारु जातीको जनसंख्याको आधारमा रोजगारीको सुनिश्चितता गरिने छ ।

(छ) इटहरी उपमहानगरपालिकाको सिमा क्षेत्र भित्र संचालित औपचारिक, अनौपचारिक संघसंस्था, शिक्षण संस्था, उद्योग, कारखाना आदिमा थारु समुदायका युवाहरुलाई क्षमता र सिपको आधारमा रोजगारी सुनिश्चित गर्न पहल गरिनेछ ।

(ज) कृषि प्रणलीलाई आधुनिकिकरण गरी युवाहरुलाई रोजगार बनाउने लक्ष्य सहित कृषि कार्यक्रमहरुको विकास गराइनेछ ।

## परिच्छेद-७

## प्रतिनिधित्व र सम्मान

१८. थारु समुदायको प्रतिनिधित्व सुचिश्चित र सम्मान प्रदान गर्न देहाय बमोजिमको व्यवस्था गरिने छ :

(क) इटहरी उपमहानगरपालिकाको ऐन नियमको अधिनमा रही गठन हुने समिति, आयोग, अध्ययन अनुसन्धान कार्यमा संविधानले व्यवस्था गरे अनुरुप समावेसी समानुपातिक सिद्धान्तको आधारमा थारु समुदायको प्रतिनिधित्व सुनिश्चित गरिने छ ।

(ख) इटहरी उप-महानगरपालिकाबाट प्रदान गरिने सम्मान, मान पदवी, पुरस्कारमा थारु समुदायबाट योगदान पुऱ्याएका थारुहरुलाई समेत समेटिनेछ ।

(ग) इटहरी उपमहानगरपालिकाको क्षेत्र भित्र विभिन्न कार्यालय, संघसंस्थाहरुलाई जग्गा प्रदान गर्नु हुने जग्गा दाता र चन्दा दाताहरुलाई सम्मान गरिने छ र अनिवार्य रुपमा वहाँहरुको सालिक वा पहिचान झल्किने संरचना निर्माण तथा संरचनाहरुको नामाकरण वहाँहरुको नामबाट गरिने व्यवस्था मिलाईने छ ।

## परिच्छेद -८

## विविध

**१९. नगर समन्वय समिति सम्बन्धि व्यवस्था :**

(१) प्रथम नागरिक थारु समुदाय र थारु समुदायको भाषा, साहित्य, धर्म, संस्कृति, प्रथा र परम्परा संरक्षण, सम्बर्द्धन तथा विकास गर्नको लागि देहाय बमोजिमको नगर समन्वय समिति रहनेछ :-

(क) नगर उप-प्रमुख (थारु) वा वरिष्ठ थारु जनप्रतिनिधि -संयोजक

(ख) इटहरी उप-महानगरपालिकाको निर्वाचित थारु जनप्रतिनिधिहरु (वडाध्यक्ष/सदस्यहरु) एक महिला सहित दुई जना - सदस्य

(ग) नगर प्रमुखले मनोनित गरेको नगर कार्यपालिका सदस्यहरु मध्ये एक जना थारु जनप्रतिनिधि - सदस्य

(ङ) ग्रामथान संरक्षण नगर समितिका अध्यक्ष वा निजले तोकेको एक जना प्रतिनिधि -सदस्य

(च) थारु कल्याण कारिणी सभा नगर समितिको सभापति वा निजले तोकेको एक जना महिला सहित दुई जना प्रतिनिधि -सदस्य

(छ) थारु महिला नगर सभा र थारु युवा नगर सभा नगर समितिको अध्यक्ष वा प्रतिनिधि मध्येबाट एक जना महिला सहित दुई जना -सदस्य

थारु समुदायको धार्मिक, सांस्कृतिक, ऐतिहासिक तथा प्राचिन महत्वका सम्पदाहरु/संरचनाहरुको संरक्षण सम्बर्द्धन गर्न गठित वडास्तरीय संरक्षण, सम्बर्द्धन तथा विकास समन्वय समितिका अध्यक्षहरु मध्येबाट नगर कार्यपालिकाले तोकेको तिन जना -सदस्य

(ज) थारु बुद्धिजीवी, थारु संस्कृतिविद, थारु समाजसेवी, थारु शिक्षक, थारु साहित्यकार, थारु अभियन्ता, थारु पत्रकार, थारु कानुन विद, थारु चलचित्र संघको प्रतिनिधिहरु मध्येबाट ४ जना -सदस्य

(झ) इटहरी उपमहानगरपालिकाको प्रशासकिय अधिकृत वा निजले तोकेको थारु कर्मचारी -सदस्य सचिव

(ञ) नगर प्रमुख समन्वय समितिको संरक्षक सल्लाहकारको रुपमा रहने छ ।

(२) उपदफा (१) बमोजिम गठन भएको समितिका पदाधिकारीहरुको पदावधि ५ वर्षको हुनेछ । उक्त पदावधि समाप्त भएपछि यहि ऐनमा व्यवस्था भए अनुसार अर्को नगर समन्वय समितिको गठन हुनेछ ।

(३) उपदफा (१) बमोजिम गठन भएको नगर समन्वय समितिको बैठक मासिक रुपमा र आवश्यकता अनुसार बस्नेछ ।

(४) नगर समन्वय समितिलाई आवश्यक सुझाव सल्लाह, पृष्ठपोषण र समितिको कार्यलाई व्यवस्थित र मर्यादित बनाउन लागि नगर स्तरमा नगर प्रमुखको अध्यक्षतामा थारु बुद्धिजीवी, थारु संस्कृतिविद, थारु समाजसेवी, थारु कल्याणकारीणी नगर सभा, थारु महिला नगर सभा, थारु शिक्षक, थारु साहित्यकार, थारु अभियन्ता, थारु पत्रकार, थारु कानुन विद, थारु चलचित्र संघको प्रतिनिधिहरु सम्मिलित पाँच सदस्य सल्लाहकार समिति हुनेछ ।

(५) नगर समन्वय समितिको सदस्यहरुको योग्यता

(क) इटहरी उपमहानगरपालिकामा कम्तिमा पनि ३ वर्ष देखि स्थायी रुपमा बसोवास गरेको थारु समुदायको व्यक्ती हुनु पर्ने ।

(ख) बिस वर्ष उमेर पूरा गरेको थारु समुदायको व्यक्ती,

(ग) प्रचलित कानुन बमोजिम कालो सूचीमा नपरेको थारु समुदायको व्यक्ती,

(घ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदलतबाट कसूरदार नठहरिएको थारु समुदायको व्यक्ती,

(ङ) मगज नबिग्रेको थारु समुदायको व्यक्ती

**२०. संरक्षकको काम कर्तव्य र अधिकारः**

(क) प्रथम नागरिक थारु समुदाय र थारु समुदायको भाषा, धर्म, संस्कृति, प्रथा र परम्परा संरक्षण, सम्बर्द्धन तथा विकास गर्नको लागि गठन भएको नगर समन्वय समितिको संरक्षकको रुपमा काम गर्ने ।

(ख) समितिको निर्णय कार्यान्वयनमा सहयोग गर्ने ।

(ग) वडा स्तरिय समितिहरु र समन्वयको काम कारवाहि, समितिबाट भएका निर्णयहरु कार्यन्वयन भए नभएको हेरी आवश्यक्ता अनुसार समितिलाई पृष्ठपोषण तथा निर्देशन दिने ।

(घ) समितिबाट छनौट भएका योजना तथा कार्यक्रमहरु व्यवहारिक तथा समानुपातिक रुपमा वितरण भए नभएको हेरी अवश्यक पृष्ठपोषण प्रदान गर्ने ।

(ङ) योजना तथा कार्यक्रमको लागि तयार गरिएको लागत अनुमान र बजेटका सम्बन्धमा समितिलाई आवश्यक परामर्श तथा सुझाव प्रदान गर्ने ।

(च) यस ऐन बमोजिम भए गरेका वा हुने अन्य कार्यहरुको सम्बन्धमा संरक्षकको हैसियतले आवश्यक सुझाव, परामर्श, पृष्ठपोषण, तथा मार्गनिर्देश गर्ने गराउने ।

**२१. नगर समन्वय समितिको काम कर्तव्यः** दफा १८ (१) अनुसार गठन भएको नगर समन्वय समितिको काम कर्तव्य तपसिल बमोजिमको हुनेछ :

(१) वडा स्तरिय संरक्षण, सम्बर्द्धन तथा विकास समतिले वडा भित्र रहेका थारु समुदायको धार्मिक, संस्कृतिक, ऐतिहसिक तथा प्राचिन महत्वका सम्पदा संरचनाहरुको सुचिकृतको लागि गरेको सिफरिस नगरपालिकामा दर्ता गर्न सिफारिस गर्ने र दर्ताको अधावधिक गर्न पहल गर्ने ।

(२) थारु समुदायको भाषा, धर्म, संस्कृति र परम्परा संरक्षण, सम्बर्द्धन तथा विकासमा सक्रिय भुमिका निर्वाह गर्ने र नगर कार्यपालिकालाई तत् सम्बन्धि उचित परामर्श र सल्लाह प्रदान गर्ने ।

(३) थारु समुदायको धार्मिक, सांस्कृतिक, ऐतिहासिक तथा प्राचिन महत्वका सम्पदाहरु/संरचनाहरुको संरक्षण सम्बर्द्धन गर्न वडा स्तरमा गठन भएका समितिहरुसंग समन्वय गर्ने र आवश्यक सहयोग र सुझाव प्रदान गर्ने ।

(४) थारु समुदायको ऐतिहासिक, धार्मीक, सांस्कृतीक तथा प्राचिन सम्पदा/संरचनाहरु, लोपोन्मुख नाच, गीत, परिकार, कला संस्कृती तथा परम्पराहरुको दस्तावेजीकरण गरी पुस्तक प्रकाशन, वृतचित्र निर्माण तथा प्रचार प्रसार गर्ने गराउने ।

(५) थारु भाषाको मानकिकरणको आधारमा व्याकरण, पाठ्यक्रम निर्माण, पाठ्यपुस्तक निर्माण गर्न तथा थारु भाषाको पठनपाठन गर्न उचित सल्लाह सहित समन्वयात्मक भुमिका निर्वाह गर्ने ।

(६) थारु समुदायमा शिक्षाको महत्व सम्बन्धि जनचेतना, विभिन्न प्रकारका साक्षरता, अभिमुखिकरण कार्यक्रमहरु संचालन गर्ने, जेहेन्दार थारु विद्यार्थीहरुलाई छात्रवृती, आर्थिक सहयोग तथा प्रोत्साहन प्रदान गर्ने गराउने ।

(७) थारु समुदायको युवाहरुको लागि रोजगारी मुखि क्षमता अभिवृद्धि कार्यक्रमहरु आयोजना गर्ने गराउने र सो सम्बन्धि समन्वय गर्ने ।

(८) इटहरी उपमहानगरपालिका भित्र रहेका थारु समुदायको ग्रामथान, मठ, पुजा स्थाल, पोखरी (जाईठ), इनार, डवरा आदि पौराणीक, ऐतिहासिक, धार्मीक, सांस्कृतीक तथा प्राचिन सम्पदा/संरचनाहरुको निर्माण, मर्मत, जिर्नोद्वार, धेरावेरा तथा परम्पराहरुको संरक्षण, सम्बर्द्धन र विकास गर्ने गराउने ।

(९) विभिन्न शिर्षकहरुमा प्राथमिकिकरणको आधारमा उदेश्य सहितको विशिष्टिकृत लागत अनुमान तयार गर्ने गराउने ।

(१०) लागत अनुमान तयार भए बमोजिमको कार्यको कार्य योजना बनाई कार्य सम्पन्न गर्ने गराउने ।

(११) लागत अनुमान बमोजिमको कामको परिमाण/गुणस्तर/समय/लागतमा परिवर्तन गर्नु पर्ने देखिएमा नगर कार्यपालिकालाई अनुरोध गर्ने ।

(१२) विनियोजित रकम र खर्चको हिसाब किताबको रेकर्ड राख्ने र भुक्तानीको लागि नगर कार्यपालिकामा पेश गर्ने ।

(१३) थारु समुदायको उत्थान एवम प्रवर्द्धनसंग सम्बन्धित कार्यको लागि अन्तराष्ट्रिय संघ संस्था, दातृ निकाय, संघिय सरकार, प्रदेश सरकार तथा अन्य विभिन्न निकायहरुसंग समन्वय, सहकार्य एवम् सहजिकरण गर्ने गराउने ।

(१४) सम्पन्न कार्यको प्रगती विवरण नगर कार्यपालिकामा पेश गर्ने ।

२२. **नगर समन्वय समितिको आर्थिक व्यवस्थापन सम्बन्धि व्यवस्था** तपसिल बमोजिमको हुनेछ :

(१) समितिले देहाय बमोजिमका क्षेत्रबाट आम्दानी प्राप्त गर्न सक्नेछ :

(क) नगरपालिकाबाट विनियोजित बजेट रकम ।

(ख) सरकारी तथा गैर सरकारी निकायहरु, सामुदायिक संस्था तथा व्यक्तिहरुबाट प्राप्त हुने सहायता तथा अनुदानको रकम ।

(ग) अन्य सरकारी निकाय तथा गैरसरकारी संघसंस्थासँग विकास निर्माण वा कार्यक्रम सञ्चालनको लागि सम्झौता बमोजिम प्राप्त रकम ।

(घ) अन्य श्रोतबाट प्राप्त गरेको रकम ।

(२) समितिको खर्च : समितिको खर्च देहाय बमोजिम हुनेछः

(क) नगरपालिकाबाट विनियोजित बजेट प्राथिकताको आधारमा छनौट भएको क्षेत्र वा विषयमा खर्च गर्नु पर्नेछ ।

(ख) कुनै निकायबाट सम्झौता बमोजिम प्राप्त हुने रकम सम्झौतामा उल्लिखित शर्त बमोजिम तोकिएको कार्यमा खर्च गर्नु पर्नेछ ।

(३) खाता संचालनः नगर समन्वय समितिको खाता संचालन तपसिल बमोजिम हुनेछः

(क) नगर समन्वय समितिको खाता नगर कार्यपालिकाले तोकेको बैंकमाा सञ्चालन हुनेछ ।

(ख) कार्य समितिको खाता अध्यक्ष, कोषाध्यक्ष र सचिव गरी तीन जनाको संयूक्त दस्तखतबाट सञ्चालन हुनेछ र भुक्तनीको लागि अध्यक्ष र सचिव मध्ये एक जना र कोषाध्यक्षको हस्ताक्षर अनिवार्य हुनुपर्ने छ ।

(४) भुक्तानी प्रक्रिया :

(क) नगर समन्वय समितिले सम्पादन गरेको काम र भएको खर्चको विवरण कार्य समितिको बैठकबाट निर्णय गरी भुक्तानीको लागि आवश्यक कागजात सहित नगर कार्यपालिकाको कार्यालयमा पेश गर्नु पर्नेछ ।

(ख) कार्य समितिलाई सम्झौता बमोजिमको कामको प्राविधिक मुल्याङ्कन, कार्यसम्पन्न प्रतिवेदन र अन्य आवश्यक कागजातको आधारमा किस्तागत वा अन्तिम भुक्तानीको रुपमा दिइनेछ ।

(ग) आयोजनाको भुक्तानी दिँदा बैंक खाता मार्फत दिनु पर्नेछ । एक व्यक्ति वा संस्थालाई एक लाख भन्दा माथिको रकम भुक्तानी गर्दा चेक मार्फत मात्र गर्नु पर्नेछ ।

(घ) आयोजनाको अन्तिम भुक्तानी हुनु भन्दा अगावै नगर कार्यपालिकाबाट तथा अन्य सहयोगी दातृ निकायबाट अनुगमन गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

(५) जिन्सी तथा वस्तुगत सहयोग लिन सक्नेः

(क) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि थारु समुदायको धार्मिक, सांस्कृतिक, ऐतिहासिक तथा प्राचिन महत्वका सम्पदा/संरचनाहरुको जिर्णोद्वार, संरक्षण, सम्बर्द्धन विकास कार्यमा सहयोग गर्न कुनै गैर सरकारी संघसंस्था, निजी क्षेत्र तथा व्यक्ति विशेषबाट जिन्सी सामान तथा वस्तुगत सहयोग लिन सक्नेछ ।

## २३. उजुरी तथा कानुनी उपचार

(१) थारु समुदायको सामाजिक सद्भाव खलबल्याउने कार्य गरेमास, थारु भाषा कला, पहिचना, संस्कृति परम्परा तथा प्रथा विरुद्ध अहित हुने कुनै प्रकारको कार्य गरे गराएमा, ऐतिहासिक, सांस्कृतिक, धार्मिक सम्पदा/संरचानहरु नष्ट गर्ने गराएमा, विध्वन्स गर्ने गराउने जो कोही विरुद्ध उजूर गर्न सक्ने छ । यस्ता उजूरी माथी कानुनी उपचार तथा कार्यवाही नेपालको विद्यमान कानुन बमोजिम हुनेछ ।

(२) विवादित मुदाहरुको विषयमा इटहरी उपमहानगरपालिकाको न्यायीक समितिको अधिकार क्षेत्रभित्र रहेका मुदाहरु प्रारम्भिक सुनुवाई इटहरी उपमहानगरपालिकाको न्यायीक समितिमा गरिनेछ ।

## २४. बाधा अडकाउ फुकाउन सक्नेः

यो ऐन कार्यान्वयनको क्रममा नेपालको प्रचलित कानुनसंग बाझिन गएमा स्वतः अमान्य हुने छ भने यस बाहेको अवस्थामा कुनै बाधा अड्चन आएमा थारु समुदायको बुद्धिजीवी, संस्कृतिविद,

कानुनविद, समाजसेवी, थारु जनप्रतिनिधि, शिक्षक, साहित्यकार, थारु अभियन्ता, भाषाविद समेतको राय सुझाव संकलन गरी नगर कार्यपालिकाले त्यस्तो बाधा अडकाउ फुकाउन सक्नेछ ।

## २५. नियमावली, कार्यविधि तथा निर्देशिका बानउने अधिकार

यस ऐनलाई कार्यान्वयन गर्नका लागि इटहरी उपमहानगरपालिकाले आवश्यक्ता अनुसार नियमावली, कार्यविधि तथा निर्देशिका बानउन सक्ने छ ।

## २६. समिति भङ्ग गर्न सक्नेः

सार्वजनिक सम्पत्तिको हिनामिना गर्ने, प्रचलित कानून विपरित कार्य गर्ने तथा भ्रष्टाचार वा आर्थिक हिनामिना गरेको पाइएमा यस ऐन बमोजिम गठन भएका थारु समुदायको धार्मिक, सांस्कृतिक भुमी, ऐतिहासिक तथा प्राचिन महत्वका संरचनाहरुको संरक्षण सम्बर्द्धन बनेको वडा स्तरिय समितिलाई सम्बन्धित वडा समितिको सिफारिसमा नगर कार्यपालिकाले भङ्ग गर्न सक्नेछ भने दफा १८ (१) अनुसार गठन भएको नगर समन्वय समितिलाई भने कार्यपालिकाले भङ्ग गर्न सक्ने छ । यसरी कार्यसमिति भङ्ग भएको अवस्थामा एक महिना भित्र यसै ऐन बमोजिम नयाँ समितिहरु गठन गर्नु पर्नेछ ।

## २७. ऐन संशोधन गर्न सक्नेः

(१) थारु समुदायको धार्मिक, पौराणीक, सांस्कृतिक, ऐतिहासिक तथा प्राचिन महत्वका सम्पदाहरु/संरचनाहरुको संरक्षण सम्बर्द्धन गर्न गठित वडास्तरीय संरक्षण, सम्बर्द्धन तथा विकास समितिका सिफासिरको साथै थारु समुदायको बुद्धिजीवी, संस्कृतिविद, कानुनविद, समाजसेवी, थारु जनप्रतिनिधि, शिक्षक, साहित्यकार, थारु अभियन्ता, थारु भाषाविद समेतको राय सुझावमा आवश्यक्ता अनुसार नगर कार्यपालिकाले यो ऐन संशोधन गर्न सक्नेछ ।

अनुसूची-१

थारु समुदायहरुको धार्मिक, सांस्कृतिक, ऐतिहासिक तथा प्राचिन महत्वका संरचनाहरुको संरक्षण सम्बर्द्धन र विकास गर्न सूचीकृत गर्ने निवेदनको नमुना

मितिः .................................

श्री वडा अध्यक्ष ज्यू
वडा समितिको कार्यालय
वडा नं.......
इटहरी उपमहानगरपालिका सुनसरी ।

विषयः सूचीकृत गर्ने सम्बन्धमा ।

उपर्युक्त सम्बन्धमा यस इटहरी उपमहानगरपालिका को वडा नं.......स्थित ......... टोलमा रहेको थारु समुदायको धार्मिक, पौराणीक, सांस्कृतिक, ऐतिहासिक तथा प्राचिन महत्वका तपसिल बमोजिमका संरचनाहरुको संरक्षण सम्बर्द्धन र विकास गर्न सूचीकृत गरिदिनुहुन निम्नानुसारका विवरण सहित अनुरोध गर्दछु ।

| क.सं. | संरचनाको नाम | स्थान/टोल | धार्मिक, ऐतिहासिक तथा प्राचिन महत्व | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

संलग्नः

संरक्षण, सम्बर्द्धन तथा विकास समितिको निर्णय ।

समितिका सदस्यहरुको नाम थर ।

अनुसूची-२

# इटहरी उपमहानगरपालिका सुनसरी ।

## .............नं वडा कार्यालय

## धार्मिक, ऐतिहासिक तथा प्राचिन महत्वका संरचना सूचीकृत प्रमाण-पत्र

इटहरी उपमहानगरपालिका वडा नं. ...........स्थित तपसिल बमोजिमका थारु समुदायको धार्मिक, सांस्कृतिक, ऐतिहासिक तथा प्राचिन महत्वका संरचनाहरुको संरक्षण सम्बर्द्धन र विकास गर्न यस कार्यालयमा मिति............................मा सूचीकृत गरी यो प्रमाण-पत्र प्रदान गरिएको छ ।

यस इटहरी उपमहानगरपालिका अन्तरगत रहेको थारु समुदायको धार्मिक, सांस्कृतिक, ऐतिहासिक तथा प्राचिन महत्वका संरचनाहरुको संरक्षण सम्बर्द्धन र विकास गर्न यस समितिको सक्रीय सहभागिताको अपेक्षा गर्दछु ।

............................

वडा सचिव